# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल असार ३० गते, २०८१ साल (अतिरिक्ताङ्क ०८

# भाग १

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत २०८१ सालको ऐन नं ०२

<u>प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>:** प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर, शुल्क र दस्तुर लगाउने तथा राजस्व सङ्कलन, बाँडफाँट र राजस्व प्रशासन सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐनको दफा १२ र १३ तुरून्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू संवत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **<u>घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क:</u>** (१) प्रदेशभित्र घर, जग्गा र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची -१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगायतका शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन घरजग्गा लगायतको रजिष्ट्रेशनका बखत सम्बन्धित स्थानीय तहले गर्नेछ। प्रदेश तथा स्थानीय तहमा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय आर्थिक ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयले यस ऐन बमोजिमको शुल्क उठाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेश सञ्चित कोष र सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) मालपोत कार्यालयबाट पारित हुने लिखतमा लिइने रजिष्ट्रेशन शुल्क लगायतका शुल्कको प्रयोजनको लागि घर, जग्गा र

घरजग्गा लगायतको मूल्याङ्कन सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

३. **<u>सवारी साधन कर र सवारी सम्बन्धी शुल्क तथा दस्तुरः</u>** (१) प्रदेशभित्र सवारी साधन कर अनुसूची-२ को खण्ड (क) बमोजिम लगाइने र असूल उपर गरिनेछ।

(२) प्रदेशमा सवारी साधन दर्ता, सवारी सरूवा सहमति दर्ता, सवारी सरूवा सहमति, अस्थायी दर्ता, दर्ता प्रमाण पत्र र नवीकरण, सवारी नामसारी, बाटो इजाजत पत्र र नवीकरण, जाँचपास प्रमाण पत्र, यातायात सेवाको नाम पञ्जिकरण र नवीकरण, सवारी साधन चालक प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप सञ्चालन अनुमति पत्र र नवीकरण, सवारी साधन बिक्री शोरूम र रिकन्डिसन हाउस सञ्चालन अनुमति पत्र र नवीकरण, विदेशमा दर्ता भएका सवारी साधनको रूट, सवारी चालक अनुमति पत्र आवेदन र नवीकरण, विदेशमा दर्ता भएका सवारी चलाउने अनुमति पत्रसँग सम्बन्धित दस्तुर, शुल्क र जरिबाना अनुसूची-२ को खण्ड (ख) बमोजिम लगाइने र असूल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिमको सवारी साधन कर सङ्कलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको दस्तुर, शुल्क र जरिबाना सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(५) उपदफा (३) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोष र चालीस प्रतिशतले हुने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सूत्र बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित

कोषमा दाखिला गर्नुपर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनु पर्नेछ।

(६) स्थानीय तहले टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर लगाई उठाउनेछ र त्यस्तो सङ्कलित कर स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

तर स्थानीय तहमा साधन, स्रोत, प्रविधि तथा जनशक्ति व्यवस्थापन एवम् कानुनी व्यवस्था नभएसम्म टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा प्रदेश सरकारले यस ऐन बमोजिम कर लगाई उठाउनेछ र त्यस्तो सङ्कलित कर उपदफा (३) बमोजिम दाखिला गरी प्रदेश र स्थानीय तहबिच उपदफा (५) बमोजिम बाँडफाँट गरिनेछ।

(७) उपदफा (६) बमोजिम स्थानीय तह वा प्रदेश सरकारले लगाएको सवारी साधन कर दोहोरो पर्ने गरी उठाउन पाइने छैन ।

(८) लुम्बिनी प्रदेशभित्र सवारी सम्बन्धी प्रचलित कानुनको उल्लंघन गर्ने सवारी तथा सवारी चालकबाट असूल उपर गरिएको दण्ड जरिबाना बापतको रकम सम्बन्धित ट्राफिक प्रहरी कार्यालयले नियमित रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको मासिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(९) यस दफा बमोजिमको सवारी साधन कर, दस्तुर, शुल्क जरिबाना लगायतको प्रशासन प्रदेश सरकारले गर्नेछ।

४. **<u>मनोरञ्जन करः</u>** (१) प्रदेशभित्र सञ्चालित मनोरञ्जन सेवामा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाइनेछ।

(२) उपदफा (१) बमोजिमको करको सङ्कलन सम्बन्धित स्थानीय तहले गर्नेछ र त्यस्तो सङ्कलित कर स्थानीय तहको विभाज्य कोषमा जम्मा गरी साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) यस दफा बमोजिमको करको प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

५. **विज्ञापन कर:** (१) प्रदेशमा विज्ञापन सामग्री बापतको विज्ञापन कर सम्बन्धित स्थानीय तहले कानुन बमोजिम निर्धारण गरी असूल उपर गर्नुपर्नेछ।

(२) यस ऐन र प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि लुम्बिनी प्रदेशमा रहेका सार्वजनिक निकाय, गैर सरकारी संस्था वा अन्य निकायले आफ्नो कार्यालयको कार्यसँग सम्बन्धित कुनै विज्ञापन सामग्री छापा, विद्युतीय, अनलाइन वा सामाजिक सञ्जाल लगायतका माध्यम प्रयोग गरी विज्ञापनको प्रसारण वा प्रकाशन गर्दा लाग्ने रकम कार्यालयले सम्बन्धित सञ्चार माध्यमलाई भुक्तानी गर्दा स्थानीय तहले तोके बमोजिमको विज्ञापन कर कट्टा गरी भुक्तानी गर्नुपर्नेछ र त्यसरी कट्टा गरिएको रकम आफ्नो कार्यालय रहेको स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

तर कुनै स्थानीय तहले त्यस्तो प्रसारण वा प्रकाशन गर्दा लाग्ने विज्ञापन कर नतोकेको हकमा सार्वजनिक निकाय, गैर सरकारी संस्था वा अन्य निकायले पाँच प्रतिशतका दरले यस ऐन बमोजिम विज्ञापन कर कट्टा गरी सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलित विज्ञापन कर बापतको रकम सम्बन्धित स्थानीय तहले साठी प्रतिशतले हुन आउने रकम स्थानीय सञ्चित कोष र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(४) यस दफा बमोजिम विज्ञापन करको प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

६. **कृषि आयमा कर:** (१) प्रदेशभित्र अनुसूची-४ बमोजिम कृषि आयमा कर लगाई असूल उपर गरिनेछ।

(२) प्रदेशभित्र कृषिसँग सम्बन्धित वस्तु उत्पादन वा कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह, कृषि समूह, फर्म वा संस्था लगायतले उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने कर प्रदेश सरकार अन्तर्गतका कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपन्क्षी विकास कार्यालयमा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र स्वयम् आयको घोषणा गरी त्यस्तो आयको आधारमा लाग्ने कर दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दाखिला गरेको कर कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपन्क्षी विकास कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिमको करको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

७. **पर्यटन शुल्क**: (१) प्रदेशभित्र अनुसूची-५ बमोजिम कुनै व्यक्ति, संस्था, कम्पनी वा निकायले पर्यटनसँग सम्बन्धित व्यवसाय सञ्चालनका लागि व्यवसायको दर्ता तथा नवीकरण शुल्क र

पर्यटकीय स्थलमा प्रवेश गर्दाको शुल्क लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित पर्यटन डिभिजन कार्यालय वा प्रदेश सरकारको पर्यटन विषय हेर्ने मन्त्रालयले तोकेको निकायले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) प्रदेश सरकारले अन्यथा व्यवस्था गरेकोमा बाहेक स्थानीय तहभित्र रहेका उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र पुरात्तात्विक सम्पदामा प्रवेश गरे बापत सम्बन्धित स्थानीय तहले कानुन बमोजिम पर्यटन शुल्क लगाई असूल उपर गर्न सक्नेछ। र त्यस्तो शुल्क स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको पर्यटन शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

८. <u>**प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्कः**</u> (१) प्रदेशभित्र अनुसूची-६ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, भस्कट, माटो र दहत्तर बहत्तरको सङ्कलनमा शुल्क लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले यस ऐनमा उल्लिखित दरमा कम नहुने गरी प्रतिस्पर्धाको आधारमा बिक्री गर्न सक्नेछ।

(३) यस दफा बमोजिमको शुल्कको सङ्कलन सम्बन्धित स्थानीय तहले गरी स्थानीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको रकमको साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस

प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा त्रैमासिक रुपमा दाखिला गर्नुपर्नेछ।

९. **वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुरः** (१) प्रदेशभित्र सिमेन्ट उत्पादन गर्ने उद्योगले उत्पादित सिमेन्ट उद्योगबाट निकासी गर्दा प्रतिबोरा (पचास के.जी.) मा एक रूपैयाँको दरले वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर र सोको विवरण सिमेन्ट उद्योगले उद्योग रहेको जिल्लास्थित उद्योगसँग सम्बन्धित कार्यालयमा त्रैमासिक रूपमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सङ्कलित रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम सङ्कलन भएको दस्तुरको विवरण कार्यालयले त्रैमासिक रूपमा तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

१०. **राजस्वको बाँडफाँट र दाखिलाः** (१) यस ऐनमा उल्लिखित दफा २, ३, ४, ५, ७ र ८ को अधिनमा रही प्रदेश र स्थानीय तहको साझा अधिकार भएका कर, शुल्क तथा दस्तुरबाट सङ्कलित राजस्वको रकम प्रदेश तथा स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गरी प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५ बमोजिम बाँडफाँट गरी प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(२) स्थानीय तहमार्फत सङ्कलन र बाँडफाँट हुने साँझा अधिकार भएका कर, शुल्क तथा दस्तुर सम्बन्धित स्थानीय तहले प्रदेशको हिस्सा उपदफा (१) बमोजिम बाँडफाँट गरी प्रदेश सञ्चित

कोषमा दाखिला नगरेमा त्यस्तो बाँडफाँट नभएको रकम बराबर प्रदेश सरकारले स्थानीय तहलाई राजस्व बाँडफाँट गरिने रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

११. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यस ऐन र अन्य कानुन बमोजिम लगाइएका शुल्क, दस्तुर वा करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क, दस्तुर वा करमा आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ र त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क, दस्तुर वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क, दस्तुर वा कर रकम असूल उपर गरी सो रकम बराबर जरिबाना गरिनेछ।

१२. **प्राइभेट तथा साझेदारी फर्म र पर्यटन व्यवसाय सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आ.व. २०७८/०७९ सम्म वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरी सञ्चालनमा रहेका वा सञ्चालनमा नै नरहेका दर्ता भएका प्राइभेट तथा साझेदारी फर्मले संवत २०८१ साल चैत्र मसान्तभित्र विवरण सहित नविकरण वा दर्ता खारेज गर्न चाहेमा

नियमानुसार लाग्ने नविकरण शुल्क र जरिबाना रकमको पाँच प्रतिशतले हुन आउने रकम दाखिला गरेमा बाँकी शुल्क वा जरिबाना मिनाहा गरी नविकरण वा दर्ता खारेज गरिनेछ।

(२) आ.व. २०८१/०८२ मा लघु, घरेलु तथा साना उद्योगको रुपमा दर्ता गर्ने उद्योगहरुलाई दर्ता गर्दा प्रचलित व्यवस्था अनुसार लाग्ने अन्तिम दर्ता शुल्कको पचास प्रतिशत छुट दिइ दर्ता गरिनेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा दर्ता इजाजतपत्र नलिएका वा छुट भएका वा नविकरण नगरी सञ्चालनमा रहेका पर्यटन व्यवसाय तथा पर्यटन व्यवसायीले संवत् २०८१ चैत्र मसान्तसम्म दर्ता इजाजतपत्र प्राप्त गर्न वा नविकरण गर्नका लागि अनुसुची-५ बमोजिमको दर्ता इजाजतपत्र शुल्क वा नविकरण शुल्क दाखिला गरेमा लाग्ने जरिबाना मिनाहा गरी त्यस्ता पर्यटन व्यवसाय तथा पर्यटन व्यवसायीले सम्बन्धित कार्यालयबाट पर्यटन व्यवसाय दर्ता इजाजतपत्र प्राप्त गर्न वा नविकरण गर्न सक्नेछन्।

(४) प्रचलित कानुन बमोजिम इजाजत-पत्र लिई सञ्चालनमा रहेका पर्यटनसँग सम्बन्धित शाखा कार्यालयको नविकरण गर्दा दर्ता सरहको दस्तुर लिई गर्नु पर्नेछ।

१३. **वन पैदावार तथा वनक्षेत्रको नदीजन्य पदार्थको शुल्क बाँडफाँट सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहहरुको वन क्षेत्रबाट कटान संकलन भई बिक्री वितरण हुने काठ दाउराको बिक्रीबाट उपभोक्ता समूहको कोषमा प्राप्त हुने आम्दानीमा देहाय बमोजिम सेवा शुल्क

बापतको रकम सामुदायिक वन उपभोक्ता समूहले त्रैमासिक रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछः-

(क) समूहको आफ्ना सदस्यहरुबाट प्राप्त आम्दानीमा दश प्रतिशत,

(ख) समूह बाहिरबाट प्राप्त आम्दानीमा पच्चीस प्रतिशत।

(२) साझेदारी वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना बमोजिम वन क्षेत्रबाट सङ्कलन तथा उत्पादन भई डिभिजन वन कार्यालयलाई प्राप्त हुने काठ दाउराको बिक्रीबाट प्राप्त रकम र चक्ला वन व्यवस्थापनबाट उत्पादन भएको काठ दाउराको बिक्रीबाट प्राप्त रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) प्रदेशका सबै प्रकारका राष्ट्रिय वन क्षेत्रबाट संकलन भई बिक्री वितरण हुने जडिबुटी तथा गैर काष्ठ वन पैदावारमा प्रचलित कानुनमा तोकिएको मूल्यदर बमोजिमको रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(४) राष्ट्रिय वन क्षेत्रमध्ये प्रदेशका सामुदायिक तथा साझेदारी वनक्षेत्रमा रहेका खोला खोल्सीको व्यवस्थापन गर्दा प्रचलित कानुन बमोजिम उत्पादन तथा सङ्कलन हुने नदीजन्य पदार्थको बिक्री वितरण गर्दा त्यस्तो बिक्रीबाट प्राप्त हुने शुल्कमध्ये दश प्रतिशतले हुन आउने रकम सम्बन्धित डिभिजन वन कार्यालयले वन उपभोक्ता समूहको खातामा जम्मा गर्नुपर्नेछ र बाँकी रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको पच्चीस प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र पचहत्तर प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम सङ्कलन तथा बाँडफाँट भएको शुल्कको एकीकृत विवरण सम्बन्धित डिभिजन वन कार्यालयले तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा मासिक रूपमा पठाउनु पर्नेछ।

१४. **<u>सेवा शुल्क</u>**ः (१) प्रदेशभित्र अनुसूची-७ बमोजिम प्रदेश सरकारबाट नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीलाई अनुदान भुक्तानी गर्दा अग्रीम रुपमा सेवा शुल्क लगाई असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्क भुक्तानी गर्ने निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

१५. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>**ः प्रचलित कर सम्बन्धी कानुन तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद् तथा महामारीको कारणले उल्लिखित कानुनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानुन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएका बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१६. **<u>प्रदेश सरकारले तोके बमोजिम हुने</u>**ः- यस ऐनमा उल्लेख नभएका तर प्रदेश सरकार अन्तर्गतका निकायबाट प्रदान गरिने सेवा बापत लिइने शुल्क तथा दस्तुर लगायतका विषयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

**घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर**

क. रजिष्ट्रेशन शुल्क

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्र | उप म.न.पा. क्षेत्र | न.पा. क्षेत्र र राप्ती उपत्यका (देउखुरी) क्षेत्र | गा.पा. क्षेत्र |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामा, छोडपत्र र दर्ताफारीको प्रति लिखत | | | | |
| | (क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | (ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | ४% | ३% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| २. | (क) छोडपत्र र दर्ताफारी प्रति लिखतको थैली अङ्कमा | १। तीन पुस्ता भित्रकोमा हालैको वकसपत्र सरह<br>२। तीन पुस्ता बाहिरकोमा राजीनामा सरह | | | |
| ३. | **हालैदेखिको वकसपत्रको लिखतको थैली अङ्कमा** | | | | |
| | (क) अ. रू.१ लाखसम्मको | १.५% | १% | १% | ०.५% |
| | आ. रू.१ लाखभन्दा माथि जतिसुकै | २.५% | २% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको | १५% | १५% | १५% | १०% |
| <u>**स्पष्टीकरणः**</u> यस प्रयोजनका लागि सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, संस्कृत सामुदायिक क्याम्पस, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क वा दस्तुर लाग्ने छैन। | | | | | |
| ४. | **अंशवण्डा तथा अंश भरपाईको लिखतमा उल्लेख भएको थैली अङ्कमा** | | | | |
| | (क) रू.३० लाखसम्म | ०.२% | ०.२% | ०.२% | ०.२% |
| | (ख) रू.३० लाख भन्दा बढी रू.२ करोडसम्म | ०.५% | ०.५% | ०.५% | ०.५% |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) रू.२ करोडभन्दा माथि | १% | १% | १% | १% |
| ५. | **बेजिल्ले बेइलाका लिखत पारित गर्ने सम्बन्धी व्यवस्था** | | | | |

| **लिखत प्रकार** | | **दस्तुर वा शुल्क** | **बेजिल्ले बेइलाकाको लिखत पारित बापतको थप शुल्क** |
|---|---|---|---|
| | (क) अंशवण्डा तथा अंश भरपाई बाहेकका सबै प्रकारका लिखत | जग्गा भएको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको भूमिसुधार/मालपोत कार्यालयको खातामा शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्ने । | प्रदेशभित्र वा प्रदेशबाहिरका जिल्लाको लिखत पारित गर्दा यस आर्थिक ऐन बमोजिम असुल भएको रजिष्ट्रेशन शुल्क वा सेवा शुल्क वा रोक्का दस्तुरको दश प्रतिशतले हुन आउने थप रकम लिखत पारित गर्ने भूमिसुधार/मालपोत कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्ने । |
| | (ख) अंशवण्डा तथा अंश भरपाईको लिखत। यस्तो | | नलाग्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | लिखत घरजग्गा भएको मध्ये जुनसुकै कुनै एक भूमिसुधार/ मालपोत कार्यालयबाट मात्र पारित गर्नुपर्नेछ। | | | | |
| **नोट:** घर/ जग्गा रहेको सम्बन्धित प्रदेश सरकारको आर्थिक ऐनमा बेजिल्ला वा बेइलाका लिखत पारित गर्ने सम्बन्धी व्यवस्था भएको रहेछ भने मात्र सो क्षेत्रको घर जग्गाको लिखत यस बमोजिम पारित गर्नुपर्नेछ। | | | | | |
| ६. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | रू.१२०००/- | रू.११०००/- | रू.१००००/- | रू.५०००/- |
| | (ख) मानो जोडिएको प्रति लिखत | रू.१२०००/- | रू.११०००/- | रू.१००००/- | रू.५०००/- |
| ७. | **शेषपछिको वकसपत्र/ अष्टलोहको प्रति लिखत** | | | | |
| | (क) तीन पुस्ताभित्रको | रू. ७,०००/- | | | |
| | (ख) तीन पुस्ताबाहिरको | रू.१२,०००/- | | | |
| ८. | **दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको प्रति लिखतको थैली अङ्कमा** | १% | १% | १% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको प्रति लिखत** | रू.२०००/- | रू.२०००/- | रू.२०००/- | रू.२०००/- |
| १०. | **दाखिला खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत** | १% | १% | १% | १% |
| ११. | (क) गुठी दर्ता | रु. ३५००/- | | | |
| | (ख) गुठी नवीकरण | रु. १०००/- | | | |
| १२. | **घर बहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको** | ५% | ४.५% | ४% | ३% |
| १३. | **फलोपभोग (युजुफ्रुक्ट)** | रू.१०००/- | रू.८००/- | रू.७००/- | रू.५००/- |
| १४. | **शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा प्रति लिखतः** | | | | |
| | (क) शर्त संशोधन | रू.१५००/- | रू.१२००/- | रू.१०००/- | रू.५००/- |
| | (ख) बकस पत्र रद्द | रू.२०००/- | रू.१७००/- | रू.१५००/- | रू.१०००/- |
| १५. | **अन्य लिखत** | | | | |
| | (क) रकम खुलेकोमा | ३% | २.५% | २% | १% |
| | (ख) रकम नखुलेकोमा | रू.७०००/- | रू.६०००/- | रू.५०००/- | रू.३०००/- |

**ख. सेवा शुल्क**

| क्र.सं. | विवरण | सेवा शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्र | उप म.न.पा. क्षेत्र | न.पा.क्षेत्र र राप्ती उपत्यका (देउखुरी) क्षेत्र | गा.पा. क्षेत्र |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्कः | | | | |
| | (क) तराई क्षेत्रमा | रू.१५०००/- | रू.१००००/- | रू.७०००/- | रू.३०००/- |
| | (ख) अन्य क्षेत्रमा | रू.१५०००/- | रू.७०००/- | रू.५०००/- | रू.२०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) भूमि सुधार/मालपोत कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र वा बाहिर लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा देहाय बमोजिम डोर शुल्क असुल गर्नुपर्नेछ। एकै व्यक्तिले एकै पटक एउटै डोरबाट एकभन्दा बढी लिखत रजिष्ट्रेशनका लागि माग भएमा जति थप लिखत पास हुने हो प्रत्येक लिखतमा यस अनुसूची बमोजिम थप डोर दस्तुर लाग्ने हुँदा त्यस्तो लिखत अनुसार छुट्टाछुट्टै थप दस्तुर लिई लिखत पारित गर्नुपर्नेछ।<br>(घ) भूमि सुधार/मालपोत कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र बाहिर बेजिल्ले वा बेइलाकाको कारागारमा रहेका थुनुवा कैदीबन्दीले डोर माग गरेमा यस अनुसूचीको विविध बुँदा नम्बर २७ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ। | | | | |
| २. | **वित्तीय धितो: नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतको थैली अङ्कमा:** | | | | |
| | (क) रू.१,००,०००/-सम्म | रू.१०००/- | रू.१०००/- | रू.१०००/- | रू.१०००/- |
| | (ख) रू.१,००,०००/-भन्दा बढी रू.५,००,०००/- सम्म | रू.१५००/- | रू.१५००/- | रू.१५००/- | रू.१५००/- |
| | (ग) रू.५,००,०००/- भन्दा बढी रू.१०,००,०००/- सम्म | रू.२५००/- | रू.२५००/- | रू.२५००/- | रू.२५००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | (घ) रू.१०,००,०००/- भन्दा बढी रू.२०,००,०००/- सम्म | रू.३०००/- | रू.३०००/- | रू.३०००/- | रू.३०००/- |
| | (ङ) रू.२०,००,०००/- भन्दा बढी रू.५०,००,०००/- सम्म | रू.५०००/- | रू.५०००/- | रू.५०००/- | रू.५०००/- |
| | (च) रू. ५०,००,०००/- भन्दा बढी रू. १,००,००,०००/- सम्म | रू.२००००/- | रू.२००००/- | रू.२००००/- | रू.२००००/- |
| | (छ) रू.१,००,००,०००/- भन्दा बढी रू.२,००,००,०००/- सम्म | रू.३००००/- | रू.३००००/- | रू.३००००/- | रू.३००००/- |
| | (ज) रू २,००,००,०००/- भन्दा बढी रू.५,००,००,०००/- सम्म | रू.६५०००/- | रू.६५०००/- | रू.६५०००/- | रू.६५०००/- |
| | (झ) रू.५,००,००,०००/- भन्दा बढी रू.१०,००,००,०००/- सम्म | रू.१०००००/- | रू.१०००००/- | रू.१०००००/- | रू.१०००००/- |
| | (ञ) रू.१०,००,००,०००/- भन्दा बढी रू.२५,००,००,०००/-सम्म | रू.१५००००/- | रू.१५००००/- | रू.१५००००/- | रू.१५००००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ट) रू.२५,००,००,०००/- भन्दा बढी जतिसुकै | | रू.२०००००/- | रू.२०००००/- | रू.२०००००/- | रू.२०००००/- |
| | (ठ) ऋण नवीकरण वा अन्य प्रयोजनका लागि घरजग्गा रोक्का भए नभएको यकीन गर्न | | रू.१०००/- | रू.१०००/- | रू.१०००/- | रू.१०००/- |
| ३. | **सरकारी जग्गा लिजमा उपलव्ध गराउने** | | सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध सम्बन्धी कार्यनीति, २०७९ बमोजिम लिज रकम हुनेछ। | | | |
| **४.** | **जग्गाधनी दर्ता स्रेस्ता वा जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपीको शुल्क (प्रति स्रेष्ता वा पुर्जा)** | | | | | |
| | (क) | तराई क्षेत्र | रू.६००/- | रू.५००/- | रू.३००/- | रू.२००/- |
| | | अन्य क्षेत्र | रू.६००/- | रू.३००/- | रू.२००/- | रू.१००/- |
| | (ख) | पुरानो खिची नयाँ जग्गाधनी प्रमाणपुर्जा दिंदा | नलाग्ने | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **नोटः**- पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रयोजन खोली सरोकारवालाले निवेदन गरेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम प्रतिपृष्ठमा दश रुपैयाँको हुलाक टिकट टाँस गर्न लगाई प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ। तर कुनै सरकारी निकायले प्रमाणका लागि स्रेस्ता वा पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रमाणित प्रतिलिपी माग गर्दा प्रतिलिपी शुल्क लाग्दैन। | | | | | |
| ५. **दाखिला खारेज शुल्क (थैली अङ्कमा)** | | | | | |
| | (क) अदालत वा अन्य न्यायिक निकायबाट करार लिखत अनुसार ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | **नोटः** यो बमोजिम दाखिल खारेज गर्दा भूमिसुधार/मालपोत कार्यालयले साविकमा लिखत पारित गरेको र सो उपरमा अदालत वा अन्य न्यायिक निकायबाट फैसला वा मिलापत्र भएको हुनुपर्नेछ। | | | | |
| | (ख) अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिको दाखिल खारेज (अंश र अपुताली बाहेक) | ३ % | २.५ % | २ % | १ % |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) अदालत वा अन्य न्यायिक निकायबाट भएको अंश वा अपुताली सम्बन्धमा भएको फैसला वा मिलापत्र बमोजिम भएको दाखिल खारेज (थैली अङ्कमा) | अंशको हकमा यस अनुसूचीमा उल्लेख भएको अंशबण्डा सरह र अपुतालीको हकमा नामसारी सरह शुल्क लाग्नेछ । | | | |
| | (घ) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिला खारेज गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ङ) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी धितो जमानीकर्ताको नामबाट बैंक वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिला खारेज गर्दा प्रति मिसिल | रू.१००००/- | | | |
| | (च) बैंक तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित धितो जमानीकर्तालाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | (छ) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिला खारेज हुन आँउदा प्रति मिसिल | नलाग्ने | | | |
| | (ज) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल | रू. ५०००/- | रू. ३०००/- | रू. १०००/- | रू. ५००/- |
| | **(झ) शेषपछिको वकसपत्रको दाखिला खारेज (कायम हुने थैली अङ्कमा)** | | | | |
| | अ। तीनपुस्ता भित्र | बकस सरह | | | |
| | आ।तीनपुस्ता बाहिर | राजिनामा सरह | | | |
| ६. **नामसारी प्रति मिसिल** | | | | | |
| | (क)तीन पुस्ताभित्र | रू. ३०००/- | रू. २५००/- | रू. २०००/- | रू. १५००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ख) तीन पुस्ताभन्दा बाहिर | रू. ५०००/- | रू. ४०००/- | रू. ४०००/- | रू. १५००/- |
| **७. हाल साविक** | | | | | |
| | (क) पुनः नापजाँच पछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल,<br>(ख) दर्ता हुन बाँकी जग्गाको हाल साविक गर्दा प्रति मिसिल | रू.२०००/-<br>रू.२५००/- | रू.१५००/-<br>रू.२०००/- | रू.१५००/-<br>रू.२०००/- | रू.५००/-<br>रू.१०००/- |
| **८. घर कायम** | | | | | |
| | (क) स्रेस्ता पुर्जामा घर जनाउने प्रति निवेदन | रू. ३०००/- | रू. २५००/- | रू. २५००/- | रू. १०००/ |
| | (ख) स्रेस्ता पुर्जामा घरपाताल जनाउने प्रति निवेदन | रू. ५००/- | रू. ५००/- | रू. ५००/- | रू. ५००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. **संशोधन शुल्क** | | | | | |
| | मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) अनुसारको विवरणमा संशोधन गर्नुपर्दा प्रति मिसिल | रू. १५००/- | रू. १०००/- | रू. १०००/- | रू. ५००/- |
| १०. **रोक्का शुल्क** | | | | | |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | **(ख) लिखत रजिष्ट्रेशन नहुनेमा** | | | | |
| | अ. रू. १ लाखसम्मको ऋण अङ्कमा | रू.१०००/- | रू.५००/- | रू.५००/- | रू.३००/- |
| | आ. रू. १ लाख भन्दा बढी रू. ५ लाखसम्म ऋण अङ्कमा | रू.१५००/- | रू.१०००/- | रू.१०००/- | रू.५००/- |
| | इ. रू. ५ लाख भन्दा बढी रू. १० लाखसम्म ऋण अङ्कमा | रू.२०००/- | रू.१५००/- | रू.१५००/- | रू.१०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | ई. रू. दश लाख रुपैयाँमाथिको ऋण अङ्कमा | रू.७०००/- | रू.५०००/- | रू.५०००/- | रू.३०००/- |
| ११. | (क) जग्गाधनी प्रमाण पुर्जा दस्तुर | निःशुल्क उपलब्ध गराइने। | | | |
| | (ख) जग्गाधनी प्रमाण पुर्जा, प्रतिलिपी दस्तुर, वारेस पुर्जा र अन्य तामेली उतार/प्रतिलिपी दस्तुर | रू. ५००/- | रू. ५००/- | रू. ५००/- | रू. ५००/- |
| १२. | कम्पनी वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनको लागि जग्गा विकास कार्यक्रम (प्लटिङ्ग) सञ्चालनका लागि कित्ताकाट प्रति मिसिल (घर जग्गा कारोबार गर्ने उद्देश्य भएको संस्थाको माग तथा प्रचलित कानुन बमोजिम मापदण्ड पूरा गरेको) | रू.२५०००/- | | | |

ग. **विविध**

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, सौर्य ऊर्जा, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षी पालन, अलैंची खेती, जडिबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। यसको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी र राजस्व छुट दिने सम्बन्धी भूमिसुधार/मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेश गर्नुपर्नेछ ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर असुल गरी सोही रकम बराबरको जरिबाना समेत गर्नुपर्नेछ। |
| २. | अधिकारनामा र शेषपछिको वकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य रूपमा खुलाउनु पर्नेछ। |

| | |
|---|---|
| ३. | दुई वा दुई भन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनको लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा सोमा लाग्ने राजस्व मिनाहा गरिनेछ। यसको लागि सम्बन्धित कार्य गर्न जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धी गरेको निर्णयको प्रतिलिपी र राजस्व छुट दिने सम्बन्धी भूमिसुधार/मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेश गर्नु पर्नेछ।यसरी राजस्व मिनाहको सुविधा लिई चक्लाबन्दी गरेको जग्गाको कुनै पनि किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। |
| ४. | प्रदेशभित्र (सुर्ती, गुड्खा, पानपराग र मदिराजन्य) उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। यसको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी र राजस्व छुट दिने सम्बन्धी भूमिसुधार/मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेश गर्नुपर्नेछ ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर असुल गरी सोही रकम बराबरको जरिबाना समेत गर्नुपर्नेछ। |
| ५. | यस अनुसूची बमोजिम सेवा प्राप्त गर्ने कानुनी व्यक्तिले सम्बन्धित व्यवसाय दर्ता, नवीकरण तथा करचुक्ताको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ |

| | |
|---|---|
| ६. | (क) प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाले आफ्ना बहालवाला कर्मचारीलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ।<br>तर सेवा शुल्क रू. १०००/- लाग्नेछ। |
| | (ख) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्तालाई ऋण सुविधा उपलब्ध गराउदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ।<br>तर सेवा शुल्क रू. ५००/- लाग्नेछ। |
| ७. | (क) सहकारी सम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यबीच ऋण लगानी/प्रवाह गर्दा दश लाख रूपैयाँसम्मको थैली अङ्कमा रोक्का शुल्क बाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड "ख" सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ तर रोक्का शुल्क छुट हुनेछ। |
| | (ख) यो ऐन प्रारम्भ भएपश्चात् प्रदेशभित्र बैंकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क बाहेक अन्य शुल्क लाग्ने छैन। |

| | |
|---|---|
| ८. | जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा मातापिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ।<br>तर यो सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेश गर्नुपर्नेछ । |
| ९. | (क) र (ख) वर्गका अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, दलित एवम् पिछडिएका जाती भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असूल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। |
| १०. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखत र शेषपछिको बकस पत्र दाखिला खारेज गर्दा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर एकल महिलाको हकमा पैंतीस प्रतिशत छुट हुनेछ। |

| | |
|---|---|
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति र पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रू.१००/- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ । |
| | (ग) ३०० जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचहत्तर प्रतिशत छुट दिइनेछ। यसको लागि सम्बन्धित कार्य गर्ने उद्योग हो भनी जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी र राजस्व छुट दिने सम्बन्धी भूमिसुधार/मालपोत कार्यालयलाई दिएको सिफारिस पत्र समेत पेश गर्नुपर्नेछ ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले साविकमा छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर असुल गरी सोही रकम बराबरको जरिबाना समेत गर्नुपर्नेछ। |
| ११. | भूमिहिन मुक्त कमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क जग्गा रहेको हालको स्थानीय तहको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ। |

| | |
|---|---|
| १२. | यस अनुसूची बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एक मात्र छुट दिइनेछ। |
| १३. | यस अनुसूची बमोजिम हुने कामका लागि तीन पुस्ता भन्नाले बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदि, बहिनी, छोरा, छोरी धर्मपुत्र, धर्मपुत्री, धर्मबुहारी ,छोरा-बुहारी, धर्मज्वाई, छोरी-ज्वाइ, सासु,ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी ज्वाईं, नातिनीबुहारी, काका, काकी, मामा, माइजू, भान्जा, भान्जी, ठूलोबुवा, ठूलीआमा (बाबुतर्फका), आमाजू, नन्द, सौता-सौता, एकै दाजु भाइ दिदी-भाइको छोरा, बुहारी ,छोरी, ज्वाईं, फुपू ,फूपा ,भदा, भदै, भदाबुहारी, भदैनी ज्वाईंबिच हुने कारोबारलाई जनाउँदछ। |

| | |
|---|---|
| १४. | बैक, वित्तीय एवम् सहकारी संघ, संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्दा सेवा शुल्क असूल गर्ने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवम् सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्य कायम गर्नुपर्नेछ।<br>तर ऋण/कर्जा प्रदान गर्दा सुरक्षणको रूपमा राखिने घरजग्गाको धितो पारित गर्दा धितो प्रयोजनका लागि मालपोत कार्यालयको कार्यक्षेत्रभित्रको घर जग्गाको प्राविधिक मूल्याङ्कन रकम भन्दा न्यून मूल्याङ्कन भई सकार गरी दाखिला खारेज गर्न आएमा घरजग्गाको साविकको प्राविधिक मूल्याङ्कन भन्दा न्यून हुने गरी दाखिला खारेज गर्न पाइने छैन। |

| | |
|---|---|
| १५. | सहकारी सम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारी संस्थाले आफ्नो प्रयोजनको लागि मात्र पहाडी वा हिमाली क्षेत्रमा २ रोपनी , तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रूपमा छुट हुनेछ। यसका लागि सहकारी संघ संस्थाका नियामक निकायहरुमध्ये सहकारीको कार्यक्षेत्रको आधारमा स्थानीय तह वा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय वा सहकारी विभागको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।<br>तर, त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा वा कुनै पनि किसिमबाट दाखिल खारेज भै गएमा साविकमा छुटका लागि सिफारिस गर्ने नियामक निकायको सिफारिसमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क वा दस्तुर असूल उपर गरिनेछ। |
| १६. | एउटै कारोबारबाट दश लाख रुपैंयाँदेखि पचास लाख रुपैंयासम्मको कारोबारमा बैकिङ्ग उपकरण र सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट), बैंक ग्यारेन्टी, ई-पेमेण्ट वा राष्ट्र बैंकको निर्देशन बमोजिम भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र भूमिसुधार/ मालपोत कार्यालयले लिखत पारित गर्नुपर्नेछ। |
| १७. | पुरुष र महिलाका संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |

| | |
|---|---|
| १८. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिला खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| १९. | कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा मातहतका कुनै पनि निकाय वा सामुदायिक विद्यालयले खरिद गरी लिएमा वा लिलाम सकार गरेमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २०. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणालीमार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ ।<br>तर, एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागु हुने छैन। |

| | |
|---|---|
| २१. | भूमिसुधार/मालपोत कार्यालयबाट तत् समयमा लाग्ने दस्तुर वा सेवा बुझाई वा नबुझाई विगतमा पारित लिखत वा निर्णय भएका तर सो बमोजिम दाखिल खारेज नभएको रहेछ र अब आएर दाखिल खारेजका लागि माग निवेदन परेमा चालु आर्थिक वर्षको जग्गाको न्यूनतम मूल्याङ्कन भिडाई कायम हुने थैली अंकमा यस अनुसूची बमोजिम दस्तुर वा सेवा शुल्क गणना गर्दा साविकमा असुल गरेको दस्तुर वा शुल्क नपुग हुने देखिएमा नपुग हुने रकम बराबर दस्तुर वा शुल्क असुल उपर गरी दाखिला खारेज गर्नुपर्नेछ। |
| २२. | भूमिसुधार/मालपोत कार्यालयहरूले यस अनुसूची बमोजिम सङ्कलन गर्ने शुल्क वा दस्तुर रकम मध्येबाट मालपोत/भूमिसुधार कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा स्रेस्ता व्यवस्थापनको लागि २ (अक्षरेपी दुई) प्रतिशत वा बीस लाखमध्ये जुन कम हुन्छ, सो रकम कट्टा गरी बाँकी रकम बाँडफाँट गर्नुपर्नेछ। |
| २३. | यस अनुसूचीको प्रयोजनको लागि "तराई क्षेत्र" भन्नाले तराई र भित्री मधेशका जिल्लाहरू सम्झनुपर्छ। |
| २४. | यस अनुसूचीको प्रयोजनका लागि "राप्ती उपत्यका (देउखुरी) क्षेत्र" भन्नाले दाङ जिल्लाको राप्ती गाउँपालिका क्षेत्र र गढवा गाउँपालिकाको वडा नं. १, २ र ३ को क्षेत्रलाई सम्झनु पर्छ। |
| २५. | एक पटक कारोबार भएको थैली अङ्क भन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाईने छैन।<br>तर बन्धकी लिखतमा उल्लेख भएको ऋण रकमलाई धितो लिलामी वा सकार गरी दाखिला खारेज गर्ने प्रयोजन भन्दा अन्य लिखत वा कारोबारमा गणना गरिने छैन। |
| २६. | यस अनुसूची बमोजिम हुने कारोबारमा देहाय बमोजिम थैली अङ्क गणना गर्नुपर्नेछ। |

| | |
|---|---|
| | (क)शेषपछिको बकसपत्र, अधिकारनामा पारित हुने लिखतमा थैली अङ्क खुलाउनु पर्ने छैन। |

| | |
|---|---|
| | (ख) थैली अङ्क कायम गरी भूमिसुधार/मालपोत कार्यालयबाट सम्पादन हुने प्रकृतिका कामको सन्दर्भमा देहाय बमोजिम गर्नुपर्नेछः-<br>अ. घरजग्गा लिखत रजिष्ट्रेशन गर्दा राजीनामा, हकहिस्सा राजीनामा, सट्टापट्टा, दर्ताफारी, सगोलनामा, सामूहिक आवास इकाईको लिखत, हक छोडपत्र, हालैदेखिको बकसपत्र, अंशबण्डा, अंशभरपाई, अंश छोडपत्र लगायतका लिखत र शेषपछिको बकसपत्रको दाखिला खारेज, नेपाल सरकार वा अदालत वा न्यायिक निकाय वा बैंक वित्तीय संस्था वा सहकारीको निर्णय बमोजिमको दाखिला खारेज लगायतको कारोबार गर्दा न्यूनतम मूल्याङ्कनभन्दा घटी नहुने गरी थैली अङ्क कायम गर्नुपर्नेछ,<br>आ. सट्टापट्टाको लिखत पारित गर्दा राजस्व प्रयोजनको लागि सट्टापट्टा हुने दुबै पक्षको घरजग्गाको कारोबार मूल्य जोडी थैली अङ्क कायम गर्नुपर्नेछ,<br>इ. सगोलनामा वा हक छोडपत्र वा हकहिस्सा राजीनामा वा दर्ताफारीको लिखत पारित गर्दा राजस्व प्रयोजनको लागि कारोबार हुने घरजग्गाको कुल मूल्याङ्कन गरी जे जुन प्रतिशतमा हकहिस्सा हस्तान्तरण हुने हो सोही प्रतिशतको आधारमा थैली अङ्क कायम गर्नुपर्नेछ,<br>तर सगोलनामामा रहेका सबै जग्गाधनीहरु बीच अलग अलग हुने गरी दर्ताफारीको अन्तिम लिखत पारित गर्दा हाल कारोबार हुने कूल घरजग्गाको मूल्याङ्कन गरी थैली अङ्क कायम गर्नुपर्नेछ। |

ई. राजीनामा वा सामूहिक आवास इकाईको लिखत वा हालैदेखिको बकसपत्र वा अंशबण्डाको लिखत पारित गर्दा वा शेषपछिको बकसपत्र लिखत बमोजिमको दाखिल खारेज गर्दा राजस्व प्रयोजनको लागि कारोबार हुने घरजग्गाको कुल मूल्याङ्कन गरी थैली अङ्क कायम गर्नुपर्नेछ।

उ. अंशबण्डाको लिखत पारित गर्दा सम्पूर्ण घरजग्गाको मूल्याङ्कन गर्ने र अंश भरपाई वा अंशछोडपत्रको हकमा दाखिल खारेज भइजाने घरजग्गाको मूल्याङ्कन गरी थैलीअङ्क कायम गर्नुपर्नेछ।

तर अंश भरपाई बापत दाखिल खारेज भै जाने घर जग्गा र सबै अंशियारका नाममा बाँकी रहेको सम्पूर्ण घर जग्गाको समेतका आधारमा थैली अंक कायम गरी सोही आधारमा लाग्ने प्रतिशतको यकीन गरी रजिष्ट्रेशन शुल्क असुल गर्नुपर्नेछ।

ऊ. नेपाल सरकारको निर्णय वा अदालत वा न्यायिक निकाय वा बैंक वित्तीय संस्था वा सहकारी संघ संस्थाबाट भई आएको निर्णय वा फैसला वा मिलापत्रबमोजिम दाखिल खारेज गर्नुपर्दा राजस्व असुली प्रयोजनका लागि भूमिसुधार/मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि तोकेको न्यूनतम मूल्य र फैसला वा मिलापत्र वा दृष्टिबन्धकी लिखतमा उल्लेख भएको थैली रकम वा बैंक वित्तीय संस्था वा सहकारी संघसंस्थाको पत्रमा उल्लेख भएको मूल्य वा बैंक वित्तीय संस्था वा सहकारी संस्थाले ऋणी वा धितो जमानी दिने व्यक्तिलाई फिर्ता दिने प्रयोजनका लागि लिखतमा उल्लेख भएको मूल्य वा अदालतबाट भई आउने मूल्याङ्कन वा बण्डा मुचुल्कामा रहेको अङ्कमध्ये जुन बढी हुन्छ, सोही रकमलाई थैली अङ्क कायम गर्नुपर्नेछ।

| | |
|---|---|
| | ऋ. बैंक वित्तीय संस्था वा सहकारी संघ संस्थाबाट दृष्टिबन्धक लिखत पारित भई पारित लिखतमा ऋण रकम थप गरी पुनः दृष्टिबन्धक लिखत पारितका लागि पेश भएमा थप दृष्टिबन्धक लिखत पारित गर्दा थप ऋण रकमलाई समेत जोडी हुन आउने कुल ऋण रकममध्ये पहिले तिरेको रोक्का दस्तुर घटाई बाँकी हुन आउने रोक्का दस्तुर मात्र असुल गर्नुपर्नेछ। <br> *द्रष्टव्यः- मानौं “ क” बैंकबाट एक करोड रूपैयाँ ऋण रकम कायम गरी सो बापतको रोक्का दस्तुर पन्ध्र हजार रूपैयाँ बुझाई दृष्टिबन्धक लिखत पारित गरिएको रहेछ र पछि सोही बैंकबाट सोही धितो र ऋणीमा ऋण रकम एक करोड रूपैयाँ थप गरी दृष्टिबन्धक लिखत पारितका लागि पेश हुन आएमा कुल ऋण रकम दुई करोड रूपैयाँमा प्रदेश आर्थिक ऐनले तोकेबमोजिम लाग्ने रकम बीस हजार रूपैयाँ रहेछ भने पहिले बुझाइएको दस्तुर पन्ध्र हजार रूपैयाँ घटाई बाँकी पाँच हजार रूपैयाँमात्र असुल गर्नुपर्नेछ।* |

| | |
|---|---|
| २७ | कारागारमा रहेका कैदीबन्दी तथा थुनुवासमेतबाट डोर माग भएमा देहाय बमोजिम लिखत पारित गर्नुपर्नेछ। यस किसिमको लिखत बेजिल्ला बेइलाका समेत पारित गर्न सकिनेछ।<br>क. कारागारमा रहेका कैदीबन्दी तथा थुनुवाले सम्बन्धित कारागार प्रमुख वा निजले तोकेको कर्मचारी समक्ष डोर निवेदन पेश गर्ने,<br>ख. खण्ड (क) बमोजिमको माग निवेदन उपर कारबाही गर्न कारागार प्रमुख वा निजले तोकेको कर्मचारीले सो निवेदन जग्गा रहेको क्षेत्रको भूमिसुधार/मालपोत कार्यालयमा पठाउने ,<br>ग. खण्ड (ख) बमोजिम निवेदन प्राप्त गर्ने भूमिसुधार/मालपोत कार्यालयले लिखत तयार गरी मोठ रोक्का भिडाई सही ल्याप्चे, सहीछाप, दस्तखत तथा सनाखतका लागि सक्कलै कागजात निवेदकको अख्तियारप्राप्त व्यक्तिमार्फत र उक्त कागजातको विद्युतीय प्रति तयार गरी कारागार कार्यालयको इमेल ठेगानामा पठाउने,<br>घ. खण्ड (ग) बमोजिम कारागारमा लिखत प्राप्त भएपछि भूमिसुधार/मालपोत कार्यालयबाट प्राप्त भएको विद्युतीय प्रतिसँग सक्कल भिडाई कारागार प्रमुख वा तोकिएका कर्मचारीले सम्बन्धित कैदीबन्दी वा थुनुवा पहिचान गरी आफ्नो रोहबरमा उक्त लिखतमा ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत गराउने, |

| | |
|---|---|
| | ङ. खण्ड (घ) बमोजिम कारागार कार्यालयले सम्बन्धित कैदीबन्दी वा थुनुवाको ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत गराए पश्चात सोको विद्युतीय प्रति तयार गरी सम्बन्धित भूमिसुधार/मालपोत कार्यालयको ईमेल ठेगानामा पठाई लिखत कागजात निवेदकको अख्तियार प्राप्त व्यक्ति मार्फत भूमिसुधार/ मालपोत कार्यालयमा पठाउने।<br>च. खण्ड (क) देखि खण्ड (ङ) सम्मका प्रक्रिया पूरा गरी प्राप्त भएका सक्कलै प्रति तथा विद्युतीय प्रतिलाई परीक्षण गरी यस अनुसूची बमोजिम लाग्ने राजस्व असुल गरी लिखत पारित गर्ने।<br>छ. कुनै कारणले यस बमोजिमको लिखतमा ल्याप्चे, सहीछाप, दस्तखत तथा सनाखत हुन नसकी पारित हुन नसकेको अवस्थामा डोर बापतको दस्तुर भूमिसुधार/मालपोत कार्यालयले फिर्ता गर्नुपर्ने। |

# अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर र सवारी सम्बन्धी शुल्क तथा दस्तुरसम्बन्धी व्यवस्था

(क) सवारी साधन कर

| क्र.सं. | सवारीको किसिम | वार्षिक करको दर (रू.) मा |
|---|---|---|
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| | (क) कार, जिप, भ्यान वा माइक्रो बस | |
| | (अ) १००० सी.सी. सम्म | २२,०००/- |
| | (आ) १००० सी.सी. भन्दा माथि १५०० सी.सी. सम्म | २५,०००/- |
| | (इ) १५०० सी.सी. भन्दा माथि २००० सी.सी. सम्म | २७,०००/- |
| | (ई) २००० सी.सी. भन्दा माथि २५०० सी.सी. सम्म | ३७,०००/- |
| | (उ) २५०० सी.सी. भन्दा माथि ३००० सी.सी. सम्म | ५०,०००/- |
| | (ऊ) ३००० सी.सी. भन्दा माथि ३५०० सी.सी. सम्म | ६०,०००/- |
| | (ए) ३५०० सी.सी. भन्दा माथि सबै | ६५,०००/- |

| | | |
|---|---|---|
| | **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर वा क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर** | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर वा क्रेन जस्ता मेशिनरी उपकरण | ४०,०००/- |
| | (आ) ट्रिपर | ३९,०००/- |
| | (इ) मिनिट्रिपर | ३३,०००/- |
| | **(ग) थ्री ह्वीलर, टेम्पो, ई-रिक्सा, ट्रेक्टर वा पावर ट्रिलर** | |
| | (अ) थ्री ह्वीलर टेम्पो | ६,०००/- |
| | (आ) थ्री ह्वीलर ई-रिक्सा | ४,०००/- |
| | (इ) हारबेष्टर र ट्रेक्टर | |
| | i) कम्बाइन हारबेष्टर | ५,०००/- |
| | ii) ट्रेक्टर | ९,०००/- |
| | (ई) पावर ट्रिलर | ४,५००/- |
| | **(घ) मिनिट्रक वा मिनिबस** | २७,०००/- |
| | **(ङ) ट्रक, ट्याङ्कर वा बस** | ३५,०००/- |

| | | |
|---|---|---|
| | **(च) मोटरसाईकल वा स्कुटर** | |
| | (अ) १२५ सी.सी. सम्म | ३,०००/- |
| | (आ) १२५ सी.सी. भन्दा माथि १५० सी.सी. सम्म | ५,०००/- |
| | (इ) १५० सी.सी. भन्दा माथि २२५ सी.सी. सम्म | ६,५००/- |
| | (ई) २२५ सी.सी. भन्दा माथि ४०० सी.सी. सम्म | ११,०००/- |
| | (उ) ४०० सी.सी. भन्दा माथि ६५० सी.सी.सम्म | २०,०००/- |
| | (ऊ) ६५० सी.सी.भन्दा माथि सबै | ३०,०००/- |
| | **(छ) निजी विद्युतीय सवारी साधनमा** | |
| | (अ) **मोटरसाइकल वा स्कुटर** | |
| | i) ५०० वाटसम्म | छुट |
| | ii) ५०० वाट भन्दा माथि १००० वाटसम्म | २५००/- |
| | iii) १००० वाट भन्दा माथि १५०० वाटसम्म | ३०००/- |
| | iv) १५०० वाट भन्दा माथि सबै | ३,५००/- |
| | **(आ) कार, जिप, भ्यान, माइक्रोबस, बस वा अन्य** | |
| | i) ४९ किलोवाटसम्म | ११,०००/- |

| | | |
|---|---|---|
| | ii) ४९ किलोवाट भन्दा माथि १२५ किलोवाटसम्म | १७,०००/- |
| | iii) १२५ किलोवाट भन्दा माथि २२५ किलोवाटसम्म | २२,०००/- |
| | iv) २२५ किलोवाट भन्दा माथि सबै | ३५,०००/- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | | |
| | (क) कार, जिप, भ्यान वा माइक्रोबस | |
| | (अ) १००० सी.सी.सम्म | ११,०००/- |
| | (आ) १००० सी.सी. भन्दा माथि १५०० सी.सी. सम्म | १२,५००/- |
| | (इ) १५०० सी.सी. भन्दा माथि २००० सी.सी. सम्म | १३,५००/- |
| | (ई) २००० सी.सी. भन्दा माथि २५०० सी.सी.सम्म | १४,५००/- |
| | (उ) २५०० सी. सी. भन्दा माथि ३००० सी.सी. सम्म | १६,५००/- |
| | (ऊ) ३००० सी. सी. भन्दा माथि ३५०० सी.सी. सम्म | १७,५००/- |
| | (ए) ३५०० सी.सी. भन्दा माथि ४००० सी.सी.सम्म | १९,०००/- |
| | (ऐ) ४००० सी.सी.भन्दा माथि सबै | २२,०००/- |
| | (ख) डोजर, एक्साभेटर, लोडर, रोलर वा क्रेन जस्ता मेशिनरी उपकरण | २१,०००/- |

| | | |
|---|---|---|
| | (ग) थ्री ह्वीलर र टेम्पो | ६,०००/- |
| | (घ) ट्रेक्टर | ७,०००/- |
| | (ङ) पावर ट्रिलर | ४,५००/- |
| | (च) मिनीट्रक वा मिनीबस | १५,०००/- |
| | (छ) मिनी ट्रिपर | १८,०००/- |
| | (ज) ट्रक, पानी ट्याङ्कर वा बस | २०,०००/- |
| | (झ) तेल ट्याङ्कर | २२,०००/- |
| | (ञ) ग्यास बुलेट | २५,०००/- |
| | (ट) ट्रिपर | १९,०००/- |
| | (ठ) **विद्युतीय सवारी साधन** | |
| | (अ) २० किलोवाटसम्म | ३,५००/- |
| | (आ) २० किलोवाट भन्दा माथि ५० किलोवाटसम्म | ४,०००/- |
| | (इ) ५० किलोवाट भन्दा माथि १२५ किलोवाटसम्म | ६,०००/- |
| | (ई) १२५ किलोवाट भन्दा माथि २०० किलोवाटसम्म | ११,०००/- |
| | (उ) २०० किलोवाट भन्दा माथि सबै | १६,०००/- |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएका सवारी साधनलाई भाडामा दर्ता भएका सवारी साधन सरह सवारी साधन कर लाग्नेछ। पर्यटक सवारी वा सार्वजनिक संस्थानका नाममा दर्ता भएका सवारी साधनलाई निजी सवारी साधन सरह सवारी साधन कर लाग्नेछ। |
| ४. | भाडामा दर्ता हुने विद्युतीय माध्यमबाट सञ्चालित सवारी साधनमा सवारी साधन करमा पचास प्रतिशत छुट हुनेछ। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि उल्लिखित क्र.सं. १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ५. | शुरू पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर लगाइनेछ। व्यापार मौज्दातमा रहेका सवारी साधनहरुको यस्तो कर लाग्ने छैन ।<br>तर मौज्दात प्रमाणित सम्बन्धित कार्यालयले गर्नु पर्नेछ। |
| ६. | उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ।<br>तर त्यस्तो सवारी साधनको कुल कर रकम उक्त सवारी साधनको लागि तोकिएको कर रकमको दोब्बरभन्दा बढी हुने छैन।वीस वर्षभन्दा पुराना कुनै पनि सवारी साधनको स्वामित्व परिवर्तन गरिने छैन। |
| ७. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका |

| | |
|---|---|
| | व्यक्ति तथा जन आन्दोलनका घाइतेलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तोकिएको करमा चालिस प्रतिशत छुट पाउनेछन्। छुट सुविधा पाउने सवारी साधनले छुट पाउने वर्ग खुलेको स्टिकर/सूचना त्यस्तो सवारी साधनमा टाँसेको हुनुपर्नेछ। प्रदेश सरकारको कुनै निकायबाट अनुगमन गर्दा सो बमोजिमको छुट दिएको नपाईएमा वा स्टिकर/ सूचना टाँसेको नपाइएमा छुट दिएको रकम र सोहि बराबर जरिबाना गरी असूल उपर गरिनेछ। |
| ८. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा बढीमा तीन बर्षसम्मका लागि अग्रिम रूपमा बुझाउन सक्नेछन्। त्यसरी अग्रिम रूपमा तीन वर्षको एकमुष्ठ कर र नवीकरण दस्तुर भुक्तानी गरी नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ। |
| ९. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| १०. | क्र.सं. १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स र शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| ११. | दश लाख रूपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ। |
| १२. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी |

| | |
|---|---|
| | बनाईएका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन। |
| १३. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रूपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। तर, यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकहरूलाई दिइने छैन। |
| १४. | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। तर अन्य शुल्क लाग्नेछ। |
| १५. | यस ऐन बमोजिम छुट सुविधा उपलब्ध गराउँदा दुई वा सोभन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शीर्षकमा सबैभन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ। |
| १६. | अन्य प्रदेशमा दर्ता भएका सवारी साधनका धनीले यस प्रदेशमा सवारी दर्ता किताब दर्ता नवीकरण गर्न चाहेमा यस ऐन बमोजिम निर्धारण गरिएको सवारी कर तथा नवीकरण दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ । |
| १७. | सवारी साधन कर प्रत्येक आर्थिक बर्षको चैत्र मसान्त वा सवारी दर्ता किताव नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्याद समाप्त भएको मितिले ९० दिनभित्र बुझाई सक्नुपर्नेछ। सोहि म्यादभित्र नबुझाएमा सोही आर्थिक बर्षको अन्त्यसम्मको २० प्रतिशतका दरले जरिबाना समेत लिई सवारी साधन कर |

| | |
|---|---|
| | दाखिला गर्नुपर्नेछ। विगत आर्थिक बर्षमा कर दाखिला नगरी जरिबाना परेका र चालु आर्थिक वर्षमा तोकिएको म्यादभित्र कर दाखिला गर्न आउने सवारी धनीसँग विगत आर्थिक वर्षको नियमानुसारको जरिबाना असूल गर्ने र चालु आर्थिक वर्षको जरिबाना नलाग्ने। |
| १८. | सवारी साधन दर्ता भई पाँच वर्षभन्दा बढी अवधिको वार्षिक सवारी साधन कर नबुझाएका र नवीकरण समेत नगरेका सवारी साधनमध्ये सवारी साधन दर्ता प्रमाण पत्र लगत दर्ता किताब र अभिलेखबाट कट्टा नभएका सवारी साधनको हकमा सवारी धनी वा व्यवस्थापकले संवत् २०८१ साल चैत्र मसान्तभित्र हालसम्मको सवारी साधन कर र नवीकरण दस्तुर बुझाएमा बाँकी जरिबाना र थप दस्तुर मिनाहा हुनेछ। |
| १९. | बीस वर्षसम्म नियमित सवारी साधन कर दाखिला र नवीकरण गरेका र सो अवधि पछि सञ्चालनमा नरही थन्किएका तथा कानुन बमोजिम लगतकट्टा गर्न नआएका भाडाका सवारी साधनको लगत कट्टा गर्ने प्रयोजनका लागि निवेदन दिएमा बीस वर्षपछि पाँच वर्षसम्मको अवधि भए पछिल्लो एक वर्षको सवारी साधन कर र पाँच वर्षभन्दा बढी अवधिको भए पछिल्लो दुई वर्षको सवारी साधन कर दाखिला गरेमा त्यस्ता सवारीको लगत कट्टा गरिनेछ। |

| | |
|---|---|
| २०. | प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि लगत कट्टा गर्ने प्रयोजनका लागि सवारी धनीले निवेदन दिएमा लगतकट्टा गर्ने निर्णय मितिसम्मको सवारी साधन करमा दामासाहीले कर लगाइनेछ। |

**(ख) सवारी साधन दर्ता दस्तुर तथा अन्य दस्तुर जरिबाना**

**१. सवारी दर्ता र सवारी सरूवा दर्ता दस्तुर**

| क.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रू. |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | १५००/- |
| | | सार्वजनिक | २५००/- |
| २. | मझौला सवारी | निजी | १०००/- |
| | | सार्वजनिक | १५००/- |
| ३. | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर) | निजी | १०००/- |
| | | सार्वजनिक | १५००/- |
| ४. | मोटर साइकल वा स्कुटर | निजी | ५००/- |
| | | सार्वजनिक | ५००/- |
| **स्पष्टीकरणः** पर्यटक, सरकारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ। | | | |

२. हेरफेर (स्वरुप परिवर्तन) दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रू. |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | १५००/- |
| | | सार्वजनिक | २५००/- |
| २. | मझौला सवारी | निजी | १०००/- |
| | | सार्वजनिक | १५००/- |
| ३. | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर) | निजी | १०००/- |
| | | सार्वजनिक | १५००/- |
| ४. | मोटर साइकल वा स्कुटर | निजी | ५००/- |
| | | सार्वजनिक | ५००/- |

## ३. सवारी साधनको अस्थायी दर्ता दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रू. |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | १०००/- |
| | | सार्वजनिक | १५००/- |
| २. | मझौला सवारी | निजी | ८००/- |
| | | सार्वजनिक | १२००/- |
| ३. | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर) | निजी | ५००/- |
| | | सार्वजनिक | १०००/- |
| ४. | मोटरसाइकल वा स्कुटर | निजी | ९००/- |
| | | सार्वजनिक | ५००/- |
| **स्पष्टीकरणः** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ। | | | |

## ४. सवारी साधन दर्ता प्रमाण पत्र नवीकरण दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रू. |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ५००/- |
| | | सार्वजनिक | ८००/- |
| २. | मझौला सवारी | निजी | ४००/- |
| | | सार्वजनिक | ५००/- |
| ३. | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर) | निजी | ४००/- |
| | | सार्वजनिक | ३००/- |
| ४. | मोटरसाइकल वा स्कुटर | निजी | ३००/- |
| | | सार्वजनिक | ५००/- |
| **स्पष्टीकरणः** सरकारी, पर्यटक सवारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ। | | | |

## ५. सवारी साधनको नामसारी दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | सवारीको किसिम | दस्तुर रू. |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | १०००/- |
| | | सार्वजनिक | २०००/- |
| २. | मझौला सवारी | निजी | ८००/- |
| | | सार्वजनिक | १५००/- |
| ३. | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो वा पावरट्रिलर) | निजी | ८००/- |
| | | सार्वजनिक | १०००/- |
| ४. | मोटरसाइकल/स्कुटर | निजी | ५००/- |
| | | सार्वजनिक | १०००/- |

**स्पष्टीकरणः** सरकारी, पर्यटक सवारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

६. बाटो इजाजत पत्र दस्तुर र नवीकरण समेत (चौध सिटसम्म क्षमता भएका सार्वजनिक सवारी साधनलाई मात्र)

| क्र.सं. | बाटो दुरी (कि.मि.) | अर्धवार्षिक बाटो इजाजत पत्र (नवीकरण समेत) दस्तुर रू. |
|---|---|---|
| १. | १ भन्दा माथि ५० कि.मि.सम्म | ६००/- |
| २. | ५० भन्दा माथि १०० कि.मि.सम्म | ८००/- |
| ३. | १०० भन्दा माथि १५० कि.मि.सम्म | १०००/- |
| ४. | १५० भन्दा माथि २५० कि.मि.सम्म | १२००/- |
| ५. | २५० भन्दा माथि ३००कि.मि.सम्म | १५००/- |

७. बाटो इजाजत पत्र दस्तुर र नवीकरण समेत (सार्वजनिक सवारी साधनलाई मात्र लाग्ने)

| क्र.सं. | बाटो दुरी (कि.मि.) | सवारीको वर्गीकरण र अर्धवार्षिक (नवीकरण समेत) दस्तुर रू. | |
|---|---|---|---|
| | | ठूला र मझौला वस, मिनिवस आदि | ठूला र मझौला ट्रक, मिनिट्रक आदि |
| १. | १ देखि ५० कि.मि. सम्म | ८००/- | १०००/- |
| २. | ५० भन्दा माथि १०० कि.मि. सम्म | १०००/- | १२००/- |
| ३. | १०० भन्दा माथि १५० कि .मि सम्म | १२००/- | १४००/- |
| ४. | १५० भन्दा माथि २०० कि. मि सम्म | १४००/- | १७००/- |
| ५. | २०० भन्दा माथि २५० कि. मि सम्म | १५००/- | १८००/- |
| ६. | २५० भन्दा माथि ३०० कि.मि. सम्म | १८००/- | २०००/- |
| ७. | ३०० भन्दा माथि ३५० कि.मि.सम्म | २०००/- | २३००/- |
| ८. | ३५०भन्दा माथि ४०० कि.मि सम्म | २१००/- | २४००/- |
| ९. | ४०० भन्दा माथि ४५० कि.मि.सम्म | २३००/- | २६००/- |
| १०. | ४५० भन्दा माथि ५०० कि.मि. सम्म | २६००/- | २९००/- |

| क्र.सं. | बाटो दुरी (कि.मि.) | सवारीको वर्गीकरण र अर्धवार्षिक (नवीकरण समेत) दस्तुर रू. | |
|---|---|---|---|
| | | ठूला र मझौला वस, मिनिवस आदि | ठूला र मझौला ट्रक, मिनिट्रक आदि |
| ११. | ५०० भन्दा माथि ५५० कि.मि. सम्म | ३२००/- | ३३००/- |
| १२. | ५५०भन्दा माथि ६०० कि.मि. सम्म | ३३००/- | ३४००/- |
| १३. | ६०० भन्दा माथि ६५० कि.मि. सम्म | ३५००/- | ३६००/- |
| १४. | ६५० भन्दा माथि ७०० कि.मि. सम्म | ३८००/- | ३९००/- |
| १५. | ७०० कि.मि. भन्दा माथि | ४२००/- | ४३००/- |

**८. तोकिएका निश्चित क्षेत्रभित्रको बाटो (रूट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटो इजाजत दस्तुर**

| क्र.सं. | सवारीको वर्गीकरण | अर्धवार्षिक बाटो इजाजत दस्तुर (रू.) |
|---|---|---|
| १. | चौध सिट वा सोभन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सवारी र एक टनसम्म क्षमता भएका ट्याक्टर र पावरट्रिलर | ५००/- |
| २. | मिटर भएका/ नभएका ट्याक्सी | ५००/- |

| | | |
|---|---|---|
| ३. | टयाम्पो | ४००/- |

## ९. जाँचपास प्रमाणपत्र दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | अर्धवार्षिक दस्तुर रू. |
|---|---|---|
| १. | ठूला सवारी | ५००/- |
| २. | मझौला तथा साना सवारी | ४००/- |
| ३. | तीनपाङ्ग्रे सवारी | ३००/- |
| **स्पष्टीकरणः** पर्यटक सवारी र सार्वजनिक संस्थानको सवारी दस्तुर सार्वजनिक सरह लाग्नेछ। | | |

## १०. यातायात सेवाको नाम पञ्जिकरण दस्तुर

| क्र.सं. | पुँजी | दस्तुर रू. |
|---|---|---|
| १. | रू. १५ लाखसम्म | १५००/- |
| २. | रू. १५ लाखभन्दा बढी रू. ५० लाखसम्म | ३५००/- |
| ३. | रू. ५० लाख भन्दा बढी जतिसुकै | ५०००/- |

**<u>स्पष्टीकरणः</u>** तर थप गर्न प्रति सवारी साधन साना सवारी रू. ५००/- मझौला सवारी साधन रू.१०००/- र ठूला सवारी साधन रू.१५००/-लाग्नेछ।

## ११. यातायात सेवा सञ्चालन गर्ने नवीकरण दस्तुर

| क्र.सं. | पुँजी | दस्तुर रू. |
|---|---|---|
| १. | रू. १५ लाखसम्म | १५००/- |
| २. | रू. १५ लाखभन्दा बढी रू. ५० लाखसम्म | ३५००/- |
| ३. | रू. ५० लाखभन्दा बढी जतिसुकै | ५०००/- |

## १२. सवारी साधन चालक प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुर

| क्र.सं. | सवारी वर्गीकरण | अनुमतिपत्र दस्तुर रू. | वार्षिक नवीकरण दस्तुर रू. |
|---|---|---|---|
| १. | मोटरसाइकल, स्कुटर र मोपेड | ४०००/- | २५००/- |
| २. | तीन र चार पाङ्ग्रे साना सवारी (टेम्पो, कार, जिप वा भ्यान) | ६०००/- | ४०००/- |
| ३. | ठूला तथा मझौला (ट्रक, बस, मिनिट्रक, मिनिबस वा माईक्रोबस) | ७०००/- | ५०००/- |
| ४. | हेभी इक्युपमेन्ट (रोलर, डोजर, एक्साभेटर, लोडर | ८०००/- | ६०००/- |

| | | | |
|---|---|---|---|
| | वा क्रेन तथा अन्य निर्माण कार्यमा प्रयोग हुने) | | |

**स्पष्टीकरणः** एकभन्दा बढी वर्गीकरणको सवारीसम्बन्धी प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्दाको हकमा जुन बढी हुन आउँछ सोही वर्गीकरणमा परेको सवारी साधनको दस्तुर लाग्नेछ।

**१३. सवारी साधन बिक्री शोरूम वा रिकन्डिसन हाउस सञ्चालन अनुमतिपत्र दस्तुर र वार्षिक नवीकरण दस्तुर**

| क्र.सं. | स्थिर पुंजी | अनुमतिपत्र दस्तुर (रू.) | नवीकरण दस्तुर रू. |
|---|---|---|---|
| १. | रू. ३ करोडसम्म (साना उद्योग) | ७०००/- | ३५००/- |
| २. | रू. ३ करोड देखि १० करोडसम्म (मझौला उद्योग) | १००००/- | ५०००/- |
| ३. | रू. १० करोड देखि माथि (ठूला उद्योग) | ३००००/- | १५०००/- |

**१४. विदेशमा दर्ता भएका (मालवाहक सवारी साधन बाहेकका) सवारी साधन लुम्बिनी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो (रूट) दस्तुर (सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ११ सँग सम्बन्धित)**

| क्र.सं. | सवारीको वर्गीकरण | प्रतिदिन लाग्ने दस्तुर रू. |
|---|---|---|
| १. | दुई पाङ्ग्रे (मोटरसाइकल र स्कुटर) | १००/- |

| क्र.सं. | सवारीको वर्गीकरण | प्रतिदिन लाग्ने दस्तुर रू. |
|---|---|---|
| २. | साना सवारी (तीन पाङ्ग्रे समेत) | २००/- |
| ३. | मझौला सवारी | ५००/- |
| ४. | ठूला सवारी | ७००/- |
| **स्पष्टीकरणः** नेपाल र अन्य मुलुकबीच दुई पक्षीय सन्धि/सम्झौता भएका विषयमा सोहि सन्धि/सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। | | |

## १५. सवारी चालक अनुमति पत्र आवेदन दस्तुर, अनुमति पत्र नवीकरण दस्तुर

| क्र.सं. | सवारीको किसिम/ वर्ग | आवेदन दस्तुर रू. | अनुमतिपत्र र नवीकरण दस्तुर रू. | वर्ग थप दस्तुर रू. |
|---|---|---|---|---|
| १. | मोटरसाईकलमोपेड/स्कुटर/(वर्ग-A) | ५००/- | १५००/- | ५००/- |
| २. | स्कुटर/मोपेड(वर्ग-K),अपाङ्गता भएका व्यक्ति (वर्ग-K1) | ५००/- | १५००/- | ५००/- |
| ३. | कार, जीप, डेलिभरी भ्यान(वर्ग-B) | ५००/- | २०००/- | ५००/- |
| ४. | टयाम्पो/अटोरिक्सा(वर्ग-C),इरिक्सा (वर्ग- | ५००/- | २०००/- | ५००/- |

| क्र.सं. | सवारीको किसिम/ वर्ग | आवेदन दस्तुर रू. | अनुमतिपत्र र नवीकरण दस्तुर रू. | वर्ग थप दस्तुर रू. |
|---|---|---|---|---|
| | C1) | | | |
| ५. | पावर ट्रिलर(वर्ग-D) | ५००/- | २०००/- | ५००/- |
| ६. | टेक्टर (वर्ग-E) | ५००/- | २५००/- | ५००/- |
| ७. | मिनिवस/मिनिट्रक(वर्ग-F) | ५००/- | २५००/- | ५००/- |
| ८. | ट्रकबस/, लहरी(वर्ग-G) | ५००/- | ३०००/- | १०००/- |
| ९. | रोड रोलर/डोजर(वर्ग-H), डोजर (वर्ग H1-Dozer), रोड रोलर (वर्ग H2-Road Roller), | ५००/- | ३०००/- | १०००/- |
| १०. | क्रेन/दमकल/लोडर(वर्ग-I), क्रेन (वर्ग I1-Crane), दमकल (वर्ग I2-Fire Brigade), लोडर (वर्ग I3-Loader) | ५००/- | ३०००/- | १०००/- |
| ११. | वर्ग J1-Excavator, वर्ग J2-Backhoe Loader, वर्ग J3-Grader, वर्ग J4-Forklift, वर्ग J5-Others | ५००/- | ३०००/- | १०००/- |

| क्र.सं. | सवारीको किसिम/ वर्ग | आवेदन दस्तुर रू. | अनुमतिपत्र र नवीकरण दस्तुर रू. | वर्ग थप दस्तुर रू. |
|---|---|---|---|---|
| १२. | प्रमाणीकरण | १०००/- | - | - |

**१६. विदेशमा दर्ता भएको सवारी चलाउने अनुमतिपत्रको दस्तुर (सडक सवारी, यातायात तथा परिवहन ऐन,२०७६ को दफा ५ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)**

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर रू. |
|---|---|---|
| १. | ठूला सवारी वा मझौला सवारी | ३०००/- |
| २. | साना सवारी | २०००/- |

| | |
|---|---|
| १७. | बाटो इजाजत पत्रको म्याद समाप्त भएको मितिले १५ दिनसम्म लाग्ने दस्तुर लिई नवीकरण गरिनेछ। त्यसभन्दा पछाडी ३० दिनसम्म अर्थात शुरुबाट ४५ दिनसम्म दोब्बर दस्तुर लगाई नवीकरण गरिनेछ। त्यसपछि शुरू देखि पहिलो ६ महिनासम्म तेब्बर र त्यसपछाडि प्रत्येक ६ महिनाको लागि एक पटक लाग्ने इजाजत दस्तुर थप र एकमुष्ठ रू.५०००/- जरिबाना गरी बाटो इजाजत पत्र नवीकरण गरिनेछ। तर तीनपाङ्ग्रे सवारी साधनको हकमा अन्य दस्तुर यथावत गणना गरी एकमुष्ठ रू.२०००/- जरिबाना गरी इजाजतपत्र नवीकरण गरिनेछ। |
| १८. | सवारी जाँचपासको अवधि समाप्त भएको मितिले ७ दिनभित्र लाग्ने दस्तुर लिई जाँचपास प्रमाण पत्र उपलब्ध गराइनेछ। त्यसभन्दा पछाडि ३५ दिनसम्म अर्थात शुरुबाट ४२ दिनसम्म दोब्बर दस्तुर र म्याद समाप्त भएको शुरु देखि ६ महिना भित्रसम्म लाग्ने दस्तुरको तेब्बर र एकमुष्ठ रू.३०००/- जरिबाना गरिनेछ। त्यसपछिको अवधिको शुरुको ६ महिनाभित्रको अवधिको लाग्ने दस्तुर र जरिबाना सहित त्यसपछिको |

| | |
|---|---|
| | प्रत्येक ६ महिनाको एक पटक मानी (जरिबाना बाहेक) को लाग्ने शुल्क थप गर्दै जानुपर्नेछ। जुनसुकै बखत जाँचपास गर्दा सवारी साधन नियमानुसार दुरूस्त भएको हुनुपर्नेछ अन्यथा जाँचपास खारेज गरिनेछ। तर तीनपाङ्ग्रे सवारी साधनको हकमा अन्य दस्तुर यथावत गणना गरी एकमुष्ठ रू.१०००/- जरिबाना गरी जाँचपास प्रमाणपत्र उपलव्ध गराइनेछ। |
| १९. | पटके बाटो प्रति ५० कि.मि.को लागि इजाजत दस्तुर रू.१००/-, सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपी दस्तुर रू.५००/-, जाँचपास प्रमाणपत्र र बाटो (रूट) इजाजत प्रमाणपत्रको प्रतिलिपी रू.३००/-, प्रदुषण स्टिकर दस्तुर रू. ५००/- र नेपालमा कायम भएको बाटोमा सञ्चालन गर्ने ठूला तथा मझौला, पर्यटक सवारी, सार्वजनिक संस्थानका सवारी र भाडाका ट्रकमा राष्ट्रव्यापी बाटो इजाजत (नेशनल परमिट) दस्तुर वार्षिक रू.२०,०००/- लाग्नेछ। |
| २०. | सवारी जाँचपास प्रमाण पत्र दस्तुर तथा बाटो इजाजत पत्र (रूट परमिट) नवीकरण दस्तुर अर्धवार्षिक रूपमा लिई नवीकरण गर्नुपर्नेछ। तर कुनै सार्बजनिक सवारी साधनको तोकिएको आयु छ महिनाभन्दा कम भएमा बाँकी रहने अवधिको लागि दामासाहीले नवीकरण दस्तुर लिई नवीकरण गर्नुपर्नेछ। |
| २१. | नामसारीको लागि सवारी साधन बिक्री गर्ने वा खरिद गर्ने व्यक्ति सवारी दर्ता भएको सम्बन्धित यातायात व्यवस्था कार्यालयमा उपस्थित भई सवारी साधन खरिद बिक्री गर्न मञ्जुर भई सहिछाप गरी सनाखत प्रमाणित गर्न माग गरेमा दुई पाङ्ग्रे सवारी साधनको लागि रू.१०००/-, तीन पाङ्ग्रे सवारी साधनको लागि |

| | |
|---|---|
| | रू.१२००/-, साना सवारी साधनको लागि रु. १५००/- र ठूला सवारी साधनको लागि रू.२५००/-रकम तदस्तुर लिई सनाखत प्रमाणि गर्न सकिनेछ। यसरी प्रमाणित भएको सनाखतको मान्य अवधि ३० दिन मात्र हुनेछ। |
| २२. | सवारी साधनको नामसारी गर्दा कारणवश सवारी धनी कार्यालयमा उपस्थित हुन नसक्ने भनी डोर खटाउन निवेदन दिएमा कार्यालयमा आउन नसक्ने कारण कार्यालय प्रमुखलाई मनासिव लागेमा सम्बन्धित कार्यालयको क्षेत्राधिकारभित्र तराईको जिल्ला भए रू.५०००/-र पहाडी वा हिमाली जिल्लाको लागि रू. ८०००/- दस्तुर लिई डोर खटाउन सकिनेछ। |
| २३. | कारागारमा रहेका कैदीबन्दीले सम्बन्धित कारागार प्रमुख वा तोकिएको कर्मचारी समक्ष आफ्नो सवारी साधन बिक्री गरी नामसारीको लागि सही सनाखत गर्न निवेदन गरेमा सो निवेदनलाई कारागार प्रमुख वा तोकिएको कर्मचारीले कैदीवन्दीको माग बमोजिमको सेवा उपलब्ध गराउन अनुरोध सहितको पत्र तथा कागजात कारागार रहेको क्षेत्रको यातायात व्यवस्था कार्यालयमा प्राप्त हुन आएमा कारागार रहेको क्षेत्रको यातायात व्यवस्था कार्यालयले सही सनाखत गराउन आफ्नो कर्मचारीलाई डोर खटाउन सक्नेछ। यसरी सही सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहवरमा गराउनु पर्नेछ। |

| | |
|---|---|
| २४. | सार्वजनिक सवारीले प्रत्येक छ महिनामा तथा निजी सवारीले प्रत्येक एक वर्षमा प्रदुषण जाँच गराउनु पर्नेछ। प्रदुषण जाँचको अवधि समाप्त भएको मितिले सात दिनभित्र प्रदुषण स्टिकर शुल्क रू. ५००/- लिई प्रदुषण जाँच गरिनेछ। उक्त अवधिभित्र प्रदुषण जाँच नगराउने सार्वजनिक सवारीको हकमा प्रत्येक छ महिनाको रू. १०००/- का दरले र निजी सवारी साधनको हकमा प्रत्येक वर्षको रू.१५००/- का दरले जरिबाना लाग्नेछ। |

# अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

## मनोरञ्जन कर

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १. | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा प्रति टिकट मूल्यको | ५ प्रतिशत |
| २. | क्यासिनो तथा मिनी क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति | रू. ३००/- |
| ३. | भिडियोघर, कन्सर्ट, दोहोरी साँझ, डान्सवार वा नाइट क्लव प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यक्ति | रू.२५/- |
| ४. | सांस्कृतिक प्रदर्शन हल, थियटर/नाटक घर, फनपार्क, वाटरगार्डेन, बाल उद्यान, फुटसल, जुम्वा, मसाज एवम् स्पा, जीपलाईन, केवलकार, स्काइ साइक्लिङ, बन्जिजम्प, प्याराग्लाइडिङ्ग, वनभोज स्थल, स्वीमिङ्ग पुल वा पार्क प्रवेश गर्दा एकमुष्ठ प्रति टिकट/बिल मूल्यको (केवलकारको हकमा शुरु सञ्चालन भएको ३ आर्थिक बर्षसम्म कर छुट हुनेछ।) | ५ प्रतिशत |

५. सर्कस, खेल, मेला, जादु, चटके वा विभिन्न प्रर्दशनीमा टिकट व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछ।

| क्र.सं. | विवरण | कार्यक्रम | जिल्लाको वर्ग अनुसार करको दर (रू.मा) | | |
|---|---|---|---|---|---|
| | | | क वर्ग | ख वर्ग | ग वर्ग |
| १. | सर्कस,खेल,मेला, जादु,चटके लगायत | १ दिन सम्मको | ७,०००/- | ४,०००/- | २,०००/- |
| | | ३ दिन सम्मको | १८,०००/- | १०,०००/- | ५,०००/- |
| | | ५ दिन सम्मको | ३०,०००/- | १८,०००/- | ८,०००/- |
| | | ७ दिनसम्म | ४२,०००/- | २५,०००/- | १२,०००/- |
| | | ८ देखि १५ दिनसम्म | ७५,०००/- | ४०,०००/- | २०,०००/- |
| | | १६ देखि ३० दिन सम्म | १,००,०००/- | ६०,०००/- | ३०,०००/- |

**स्पष्टीकरण**:- यस प्रयोजनको लागि जिल्लाको वर्गीकरण देहाय बमोजिम हुनेछः-

"क" वर्गमा पर्ने जिल्लाहरूः नवलपरासी (बर्दघाट सुस्तापश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया।

"ख" वर्गमा पर्ने जिल्लाहरूः पाल्पा, गुल्मी, अर्घाखाँची र प्यूठान।

"ग" वर्गमा पर्ने जिल्लाहरूः रोल्पा र रूकुम (पूर्वी भाग)।

६. तीस दिनभन्दा माथिको सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

७. टेलिभिजन केवल नेटवर्कको हकमा शुल्कको एक प्रतिशत र डिश टेलिभिजन तथा इन्टरनेटबाट सञ्चालन हुने टेलिभिजनको हकमा रिचार्ज वा शुल्क रकमको दुई प्रतिशतका दरले कर लाग्नेछ।

८. एक स्थानीय तहभन्दा बढी स्थानीय तहमा केवलकार, स्काइ साइक्लिङ लगायतका मनोरञ्जनात्क सेवा तथा क्रियाकलाप सञ्चालन भएको हकमा प्रवेश बिन्दु वा टिकटको व्यवस्था रहेको स्थानीय तहले मनोरञ्जन कर सङ्कलन गरी त्यस्ता स्थानीय तहहरुबीचमा करको रकम बाँडफाँटसम्बन्धी कुनै सम्झौता वा करार भएको हकमा सोहि बमोजिम र त्यस्तो सम्झौता वा करार नभएको हकमा साठी प्रतिशतले हुन आउने रकम त्यस्ता स्थानीय तहहरुबीचमा समान अनुपातमा बाँडफाँट गर्नुपर्नेछ र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

# अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

## कृषि आय (खुद)मा कर

| क्र.सं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| १. | घोषित आय रू. ५,००,०००/- सम्म | छुट |
| २. | घोषित आय रू. ५,००,०००/- भन्दा माथि रू. १०,००,०००/- सम्म | १% |
| ३. | घोषित आय रू. १०,००,०००/- भन्दा माथि रू. १५,००,०००/- सम्म | २% |
| ४. | घोषित आय रू. १५,००,०००/- भन्दा माथि | ३% |

# अनुसूची-५

(दफा ७ र दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

## पर्यटन व्यवसाय दर्ता शुल्क, नवीकरण शुल्क तथा पर्यटकीय स्थल प्रवेश शुल्क

१. पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्क

(क) पर्यटकस्तरको होटेल, आवास, लज, रेष्टुराँ तथा रिसोर्ट, पव वा बार दर्ता तथा नवीकरण शुल्कः

| क्र.सं. | होटेलको किसिम | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | | | |
|---|---|---|---|---|---|---|
| | | | म्यादभित्र | म्याद नाघेको | | |
| | | | | तीन महिना सम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप |
| १. | साधारण होटेल | ५०००/- | ५०००/- | नलाग्ने | ५०% | १००% |
| २. | पर्यटक आवास (साधारण) वा एक तारे होटेल | १००००/- | १००००/- | नलाग्ने | ५०% | १००% |
| ३. | दुई तारे होटेल | २००००/- | २००००/- | नलाग्ने | ५०% | १००% |
| ४. | तीन तारे होटेल | ३००००/- | ३००००/- | नलाग्ने | ५०% | १००% |
| ५. | पर्यटक आवास (डिलक्स) | ४००००/- | ४००००/- | नलाग्ने | ५०% | १००% |

| क्र.सं. | होटेलको किसिम | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | | | |
|---|---|---|---|---|---|---|
| | | | म्यादभित्र | म्याद नाघेको | | |
| | | | | तीन महिना सम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप |
| ६. | लज, रेष्टुरा तथा रिसोर्ट, पार्टी प्यालेस, पव तथा बार | ५०००/- | ५०००/- | नलाग्ने | ५०% | १००% |
| ७. | डान्सवार, मोटल, साउना, ज्याकुजी सेन्टर, जीमक्लव, स्वीमिङ्ग पुल, हेल्थ क्लव, नाइट क्लव | ५०००/- | ५०००/- | नलाग्ने | ५०% | १००% |
| ८. | कफिसप | २०००/- | २०००/- | नलाग्ने | ५०% | १००% |
| **स्पष्टीकरणः** नवीकरण गर्ने म्याद एक वर्ष नाघेमा प्रति वर्ष शत प्रतिशतका दरले थप नवीकरण शुल्क लाग्नेछ। | | | | | | |

**(ख) एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्कः**

| क्र.सं. | एजेन्सीको किसिम | इजाजत शुल्क रू. | नवीकरण शुल्क रू. | | | |
|---|---|---|---|---|---|---|
| | | | म्यादभित्र | म्याद नाघेको | | |
| | | | | तीन महिनासम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप |
| १. | साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी | २५०००/- | २५०००/- | नलाग्ने | ५०% | १००% |
| २. | ट्रेकिङ्ग एजेन्सी | २५०००/- | २५०००/- | नलाग्ने | ५०% | १००% |
| ३. | ट्राभल एजेन्सी | २५०००/- | २५०००/- | नलाग्ने | ५०% | १००% |
| ४. | पर्यटक यातायात | २५०००/- | २५०००/- | नलाग्ने | ५०% | १००% |

**स्पष्टीकरणः** नवीकरण गर्ने म्याद एक वर्ष नाघेमा प्रति वर्ष शत प्रतिशतका दरले थप नवीकरण शुल्क लाग्नेछ।

**(ग) साहसिक पर्यटन एजेन्सीद्वारा सञ्चालन गरिने क्रियाकलापका लागि वार्षिक इजाजत शुल्कः**

| क्र.सं. | क्रियाकलाप | वार्षिक इजाजत शुल्क रू. |
|---|---|---|
| १. | स्कीईङ्ग | २००००/- |
| २. | वञ्जी जम्प | ३००००/- |
| ३. | जीप फ्लायर | ३००००/- |
| ४. | क्यानोनिङ | ३००००/- |
| ५. | क्यानोपि वाकिङ्ग | १५०००/- |
| ६. | अन्य साहसिक गतिविधि | ४००००/- |

**स्पष्टीकरणः** क्र.सं.६ को हकमा साहसिक गतिविधि/क्रियाकलाप सञ्चालन गर्न निवेदन पर्न आएमा पर्यटनसँग सम्बन्धित कार्यालय वा प्रदेश सरकारको पर्यटन विषय हेर्ने मन्त्रालयले तोकेको निकायले सञ्चालन गर्न उपयुक्त देखेमा तोकिएको शुल्क लिई सञ्चालन गर्न इजाजत दिन सक्नेछ।

**(घ) मनोरञ्जनात्मक पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः**

| क्र.सं. | क्रियाकलाप | दर्ता शुल्क रू. | वार्षिक नवीकरण शुल्क रू. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | केवलकार प्रति डब्बा | ७०००/- | ३०००/- |
| २. | एम्युज्मेन्ट पार्क वा फन पार्क | २००००/- | ४०००/- |
| ३. | अन्य पार्क | १५०००/- | ३०००/- |
| ४. | चिल्ड्रेन पार्क, सर्कस, स्पा, फुटसल, पिकनिक स्पट | १००००/- | ३०००/- |

**(ङ) गाइडको इजाजत तथा नवीकरण शुल्क**

**(अ) गाइडको इजाजत शुल्कः**

| क्र.सं. | किसिम | शुल्क रू. |
|---|---|---|
| १. | रिभर गाईड | २०००/- |
| २. | पथ प्रदर्शक/ट्रेकिङ्ग गाईड | २०००/- |
| ३. | ट्रेकिङ्ग पोर्टर गाईड | २०००/- |
| ४. | अन्य गाईड | २०००/- |

**(आ)गाइडको इजाजत पत्र नवीकरण शुल्कः**

| **क्र.सं.** | **किसिम** | **नवीकरण शुल्क रू.** |
|---|---|---|
| १. | इजाजतको म्याद समाप्त हुनु अगावै | २०००/- |
| २. | म्याद समाप्त भए पछिको तीन महिनासम्म | २५००/- |
| ३. | म्याद समाप्त भए पछिको छ महिनासम्म | ३०००/- |
| ४. | म्याद समाप्त भए पछिको एक वर्षसम्म र प्रति वर्ष थप | ४०००/- |

२. प्रदेश सरकारको स्वामित्वमा रहेका पर्यटकीय स्थलको प्रवेश शुल्कमा प्रति टिकट मूल्यको ५ प्रतिशतका दरले पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ।

# अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

## प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्री शुल्क

| क्र.सं. | विवरण | इकाई | दर | |
|---|---|---|---|---|
| | | | तराईका जिल्लाहरू | पहाडका जिल्लाहरू |
| १. | ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्लेट | प्रति क्यूव फिट | रू. ८/- | रू. ६/- |
| २. | भस्कट | प्रति क्यूव फिट | रू. ४/- | रू. ३/- |
| ३. | माटो साधारण (निजी जग्गाको समेत) | प्रति क्यूव फिट | रू. ३/- | रू. २/- |
| ४. | इटा पार्ने माटो (निजी जग्गाको समेत) | प्रति क्यूव फिट | रू. ४/- | रू. ३/- |
| ५. | दहत्तर बहत्तर | प्रति के.जी. | रू. २/- | रू. १/- |

(क) यस अनुसूचीमा जुनसुकै कुरा लेखिएको भए तापनि तराईका जिल्लाका स्थानीय तहसँग सिमाना जोडिएका भू-भागबाट पहाडी जिल्लाका स्थानीय तहले प्राकृतिक स्रोतको बिक्री गर्दा तराईका जिल्लाको लागि तोकिएको दररेटका आधारमा गर्नुपर्नेछ।

(ख) यस अनुसूची बमोजिमका प्राकृतिक स्रोत (स्वीकृत खानीक्षेत्र बाहेक) कुनै व्यक्तिको निजी स्वामित्वको जग्गाबाट बिक्री गर्दा जग्गा धनीले नै बिक्री गर्ने परिमाण यकीन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ। त्यस उपर सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी बार्षिक वा आवधिक रूपमा एकमुष्ट शुल्क लिने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) सार्वजनिक जग्गा वा स्थान र स्वीकृत खानी क्षेत्र बाहेक निजी स्वामित्वमा रहेको जग्गाको प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन तथा घाटगद्दी गर्दा साँध सीमानामा पर्ने जग्गाधनीको लिखित स्वीकृति हुनुपर्नेछ। त्यस्ता प्राकृतिक स्रोत उत्खननबाट प्राकृतिक स्रोतको दुरूपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतका संरचना, सडक, कुलो, नहर, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर पर्ने गरी गर्न पाइने छैन।

(घ) प्रदेशभित्र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य कुनै निकायको ठेक्का प्राप्त गरी त्यस्तो ठेक्का अनुसार पूर्वाधार निर्माण तथा मर्मत सम्भार लगायतका कार्य गर्दा आयोजना स्थलबाट प्राप्त हुने ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्लेट लगायतका प्राकृतिक स्रोतको हकमा आयोजनाको ठेक्का सम्झौता वा स्थानीय तहसँगको सम्झौतामा उल्लेख भएकोमा सोहि बमोजिम हुनेछ। तर, त्यस्तो ठेक्का सम्झौतामा उल्लेख नभएको वा सम्झौता नभएको हकमा सम्बन्धित स्थानीय तहले यस ऐन बमोजिम आयोजना

स्थलबाट प्राप्त प्राकृतिक स्रोतको बिक्री गरी प्राप्त हुने शुल्क स्थानीय तहको विभाज्य कोषमा दाखिला गरी यस ऐन बमोजिम बाँडफाँट गर्नुपर्नेछ।

## अनुसूची-७

(दफा १४ सँग सम्बन्धित)

### सेवा शुल्क

| क्र.सं. | नगद अनुदानको वर्गीकरण | करको दर |
|---|---|---|
| १. | नगद अनुदान रू. १,००,०००/- सम्म | छुट |
| २. | नगद अनुदान रू. १,००,०००/- भन्दा माथि रू. २,००,०००/- सम्म | १% |
| ३. | नगद अनुदान रू. २,००,०००/- भन्दा माथि रू. ५,००,०००/- सम्म | २% |
| ४. | नगद अनुदान रू. ५,००,०००/- भन्दा माथि रू. १०,००,०००/- सम्म | ३% |
| ५. | नगद अनुदान रू.१० लाख भन्दा माथिको जुनसुकै रकममा ३.५% का दरले कर लाग्नेछ। | |
| **स्पष्टिकरणः-** ब्याजमा दिइने अनुदानको हकमा सेवा शुल्क लाग्ने छैन। | | |

**प्रमाणीकरण मितिः २०८१/०३/३०**

**आज्ञाले,**
**निराजन घिमिरे**
**प्रदेश सचिव**